annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २१९ पृष्ठ ८ | काठमाडौं, शनिबार २९ मंसिर २०८१ | मार्ग शुक्लपक्ष चतुर्दशी नेपाल संवत् ११४५ | SATURDAY, DECEMBER 14, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# प्लास्टिक फोहोर, बढ्दै जोखिम

एक मुठा साग किन्नु परे, प्लास्टिककै झोला प्रयोग हुन्छ । उपभोगका अधिकांश सामान प्लास्टिकमै 'प्याकिङ' भएका हुन्छन् । अर्थात्, बिहान उठेदेखि नसुतेसम्म प्लास्टिककै सामानको प्रयोग गर्नुपर्ने अवस्था छ । तर, प्लास्टिकजन्य पदार्थको बढ्दो प्रयोगसँगै यसको व्यवस्थापन जटिल बन्दै गएको छ । विश्वको अग्लो चुचुरो सगरमाथादेखि तराईका सम्म फाँटसम्म प्लास्टिकजन्य फोहोरले वातावरण प्रदूषण गरिरहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय सरकारलाई निर्देशन दिएको छ । तर, पर्याप्त बजेट, स्रोतसाधन र चेतनाको अभावले फोहोर व्यवस्थापनमा स्थानीय तहले प्रभावकारी काम गर्न सकेका छैनन् ।

प्रतीक घिमिरे | *काठमाडौं*

- को रिपोर्ट

समाचार पृष्ठ २



शैलुङ पदयात्रा मार्गभरि छरिएको प्लास्टिक फोहोर । ● प्रतीक घिमिरे

# निजी स्वास्थ्य संस्थामा पनि सरकारी सरह तलब दिन निर्देशन



**अन्नपूर्ण** | *काठमाडौं*

स्वास्थ्य मन्त्रालयले मेडिकल कलेजलगायत अन्य निजी स्वास्थ्य संस्थालाई पत्राचार गर्दै कार्यरत स्वास्थ्यकर्मीलाई सरकारी सरह नियमित रूपमा बैंकिङ प्रणालीमार्फत तलबलगायतका सेवासुविधा उपलब्ध गराउन पत्राचार गरेको छ।

सचिवस्तरीय निर्णय गर्दै मन्त्रालयले मुलुकभरका मेडिकल कलेज तथा स्वास्थ्य संस्थामा सरकारीसरह पारिश्रमिक सुनिश्चित गर्न सरकारी प्रतिष्ठान तथा अस्पताल, निजी मेडिकल कलेज तथा सामुदायिक तथा निजी अस्पतालका नाममा शुक्रबार पत्राचार गरेको हो।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले सबै सरकारी तथा मेडिकल कलेज तथा सामुदायिक र निजी अस्पतालमा निर्णय लागू गर्न पत्राचार गरिएको र अनुगमनसमेत हुने जानकारी दिए। डा. बुढाथोकीले भने, 'ड्युटी आवरभन्दा बढी समयमा काम गरेका स्वास्थ्यकर्मीलाई अतिरिक्त भत्ताको व्यवस्था गर्नु पर्नेछ। नर्सिङ तथा अन्य स्वास्थ्य जनशक्तिको सेवा सुविधाको भुक्तानी बैंकिङ प्रणालीमार्फत गराउनु पर्नेछ।'

न्यूनतम पारिश्रमिक तथा सुविधा सरकारीभन्दा नघट्ने गरी लागू हुनुपर्ने र तोकिएकोभन्दा बढी काम गरेमा अतिरिक्त व्यवस्था लागू गर्न पनि पत्रमा उल्लेख छ। मन्त्रालयले करार गरेर मात्र जनशक्ति राख्न तथा ज्यालादारीमा काम गराउन नपाउने निर्णय गरेको छ। काम गरेकाहरूको सक्कल शैक्षिक लब्धांकपत्र राख्न नपाइने तथा अनुभवको प्रमाणपत्र दिनुपर्ने व्यवस्था गरी लागू गर्न मन्त्रालयले पत्राचार गरेको छ।

निजी क्षेत्रमा कार्यरत नर्सिङ तथा स्वास्थ्य जनशक्तिबाट सरकारले तोकेको न्यूनतम सुविधा नपाएको र कतिपय संस्थाले स्वयंसेविकोरूपमा पनि काममा लगाइरहेको गुनासो प्राप्त भए पछि कानुनमा भएको व्यवस्थाबमोजिम पत्राचार भएको डा. बुढाथोकीले बताए। मन्त्रालयको पत्राचारपछि निजी स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीले अतिरिक्त समय काममा लगाएमा भत्ताको समेत व्यवस्था मिलाउनु पर्नेछ। स्वास्थ्यमन्त्री प्रदीप पौडेलले यसअघि मेडिकल कलेज तथा स्वास्थ्य संस्थाका नर्सिङ तथा स्वास्थ्य जनशक्तिको पारिश्रमिक कम्तीमा नेपाल सरकार सरह लागू गर्ने सार्वजनिक प्रतिबद्धता जनाएका थिए।

## प्रचण्डको नेतृत्वमा कुप्रचार भइरहेको छ : प्रधानमन्त्री ओली

**काठमाडौं** (अन्नपूर्ण) : प्रधानमन्त्री केपी शर्मा ओलीले अहिले मुलुकका नराम्रा कामको नेतृत्व माओवादीबाट भइरहेको आरोप लगाएका छन्।



शुक्रबार काठमाडौंमा लोकतान्त्रिक आदिवासी जनजाति महासंघले आयोजना गरेको राष्ट्रिय भेलामा प्रधानमन्त्री ओलीले कुप्रचार गर्ने, मुद्दा हाल्ने, जनतालाई दुःख दिने काम माओवादीको नेतृत्वमा भइरहेको आरोप लगाए। एमाले र त्यसका अध्यक्षविरुद्धको कुप्रचारमा सक्रिय माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र प्रचण्डको नेतृत्व सक्रिय रहेको उनको भनाइ छ।

उनले आफूविरुद्धको विष काठमाडौं बसेर पचाइदिने बताए। उनले प्रचण्डले नै भ्रष्टाचारीको संरक्षण गरेको टिप्पणी गर्दै त्यसको आरोप भने आफूलाई लगाएको धारणा राखे। भ्रष्टाचारीलाई काँध हाल्ने काम प्रचण्डले गरेको उनको भनाइ छ। ओलीले अहिले सामाजिक सञ्जालमा प्रविधिको प्रयोग गरेको आफ्नो आवाजको दुरुपयोग भएको र आफ्नै पार्टीका नेताहरूसमेत भ्रममा परेको बताए।

उनले देशमा स्थिरताका लागि कांग्रेस-एमालेबीच सरकार बनेको जिकिर गरे। समावेशिता र समतामूलक समाज निर्माण गर्दै राष्ट्रिय एकता कायम गर्नु आफूहरूको मूलमन्त्र भएको उनको भनाइ छ। प्रधानमन्त्री ओलीले पछाडि परेका समुदायलाई माथि पुर्‍याउन संविधानको मौलिक हकहरूको प्रभावकारी कार्यान्वयनमा ध्यान दिनुपर्नेमा समेत जोड दिए।

# ७३ वर्षमा कविरामले पाए नागरिकता

**हिक्मतबहादुर नेपाली** | *दैलेख*

नागरिकता ऐनअनुसार, १६ वर्ष उमेर पूरा भएपछि वंशजका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र पाइन्छ। तर दैलेखको डुंगेश्वर गाउँपालिका-४ का कविराम विकले ७३ वर्षमा बल्ल नागरिकता पाए। अर्थात्, ५७ वर्षसम्म नागरिकताविहीन भएर भारतका विभिन्न गल्ली चहारे। हालै गाउँ फर्केपछि उनको नागरिकता बन्यो। २००८ मंसिर ३ गते जन्मिएका कविरामले वंशजको आधारमा जिल्ला प्रशासन कार्यालय दैलेखबाट नागरिकताको प्रमाणपत्र पाएका हुन।

नागरिकता ऐन, २०६३ को दफा ३ मा बाबु-आमा नेपाली रहेको भन्ने पुष्टि भएमा वंशजको आधारमा नागरिकता दिइने कानुनी व्यवस्था छ। प्रहरी प्रतिवेदन र अन्य स्रोतबाट थप जाँचबुझ गरेर नागरिकता दिएको प्रशासन कार्यालयका प्रशासकीय अधिकृत गणेशप्रसाद कोइरालाले बताए। 'एकाघरका कोही हुनुहुँदो रहेनछ, प्रहरी प्रतिवेदन र अरू स्रोतहरूबाट जाँचबुझ गर्दा अवलपराजुलकै व्यक्ति हुनुहुन्छ भन्ने पुष्टि भएकाले उनलाई सहजै नेपाली नागरिकता दियौं,' कोइरालाले भने।

२०१२ साल ताका औलो लागेर कविरामका बुवाको निधन भयो। त्यसबेला उनी चार वर्षको मात्रै थिए। २० वर्ष पुगेपछि २०२८ भदौतिर मुग्लान पसे। ५३ वर्षपछि हालै घर फर्किएर नागरिकता बनाए। कविरामका दुई दाजु छन्। जेठो डिलबहादुर २००३ र माइलो चंखे २००५ मा जन्मिएका थिए। बुवा बितेपछि एकल आमा धर्मी कडारोले जेनतेन मजदुरी गरेर तीन छोराको पालनपोषण गरेकी थिइन्। २०२८ सालको भोकमरीका कारण फरक-फरक समयमा कविरामका दाजुभाइले घर छोडेका थिए।

कविरामले २०२८ सालदेखि करिब १० वर्ष देहरादुनमा मजदुरी गरे। त्यसपछि गढवालका विभिन्न ठाउँहरूमा ५३ वर्ष बिताए। गाउँमा रहेका आफन्त भेट्न र जन्मेकै माटोमा मर्न पाइयोस् भनेर ७३ वर्षको उमेरमा तीन साताअघि मात्र पुर्ख्यौली घर खोज्दै डुंगेश्वर गाउँपालिका-४ अवलपराजुल पुगेका थिए। गाउँ पुगेपछि उनका आफन्तको पहलमा वडा कार्यालयले नागरिकताको सिफारिस गरेको थियो।



**कविरामलाई नागरिकताको प्रमाणपत्र प्रदान गर्दै प्रशासकीय अधिकृत गणेशप्रसाद कोइराला।** ● अन्नपूर्ण

'गाउँमा आइसकेपछि कसैले चिन्दैनन् कि ? बास पाइन्न कि ? भन्ने चिन्ता थियो, कविरामले भने, 'बुढापाकाहरूले मेरा कुरा सुनेपछि माया गरे, बास पनि पाएँ, नागरिकता बनाउनुपर्छ, सामाजिक सुरक्षा भत्ता पाइन्छ भनेपछि नागरिकता पनि बन्यो, अब भत्ता पनि पाइएला।' कविरामका भाइ नाता पर्ने कर्णबहादुर सुनारले उनलाई संरक्षण दिएका छन्। कर्णबहादुरले भने, 'उहाँको नजिकको भनेको म नै हो, बास र संरक्षण गर्नु हाम्रो कर्तव्य हो।' एकाघरका कोही नभएको कारण नागरिकता दिलाउन वडाको सिफारिसदेखि सनाखत बस्न डुंगेश्वर गाउँपालिका-४ का वडाध्यक्ष नगेन्द्रबहादुर बुढाले सहयोग गरेका थिए। वडाध्यक्ष बुढा भन्छन्, 'उहाँ जस्तै असहाय र कमजोरहरूका लागि हामी जनप्रतिनिधिले काम गर्ने हो, सामाजिक सुरक्षा भत्ता पनि तुरुन्तै दिलाउँछौं।'